कृषि, शिक्षा, स्वास्थ्य, जडिवुटी, पर्यटन र जलस्रोत मादीको आधार,

दिर्घकालिन दृष्ट्रिकोण, सुशासन गरिवी निवारण र रोजगार !”

# मादी गाउँपालिकाको बार्षिक विकास योजना
# आ.व.२०७५/०७६

प्रकाशक

मादी गाउँपालिकाको कार्यालय

सुचना, प्रकाशन तथा अभिलेख केन्द्र

कास्की

प्रमुख संरक्षक
बेद बहादुर गुरुङ्ग
अध्यक्ष

सहायक संरक्षक
विष्णुमायाँ आर्चाय पौडेल
उपाध्यक्ष

सम्पादन सल्लाहकार तथा वार्षिक पुस्तक तयारी
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

कम्प्युटर टाइपिङ
*गोविन्द खनाल*

प्रकाशक
मादी गाउँपालिकाको कार्यालय
सुचना, प्रकाशन तथा अभिलेख केन्द्र
कास्की

फोन : ०६१६९२१६४ कार्यालय, अध्यक्ष : ९८५६०७२६०१, उपाध्यक्ष : ९८५६०७२६०२
प्रमुख प्रशासकिय अधिकृत : ९८५६०७२६०० ईमेल : madiruralmunicipality@gmail.com
Webesite:www.madimunkaski.gov.np.



माादी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को गाउँसभा मिति २०७५।०३।१० गते शुरु भई अषढ २९ गते सम्पन्न भयो । यो सभाले गत वर्षको वजेट कार्यक्रम को समिक्षा गरी वस्ती र वडा वाट विभिन्न चरणमा छलफल गरी ल्याएमा योजना र राय सुझावहरुका प्रस्तावहरु लाई व्यापक छलफल गरी आगामी निति, कार्यक्रम र वजेट प्रस्ताव परित गरिएको छ । यो सभाले मादी गाउँपालिकाको विभिन्न ऐन नियमावली र कार्यविधिहरु गरी २० वटा महत्वपुर्ण कानुनहरु सर्वसम्मत रुपमा पारित गरेको छ । न्यायिक समितिमा दलिय र सामाजिक सन्तुलन मिल्ने गरी पुर्णता गरेको छ । स्थानिय लेखा समिति, विधेक समिति, शुसासन समितिहरु सर्व सम्मत रुपमा गठन गरेको छ । गत वर्षमा वजेट विनियोजित गरी शुरु गरिएको मादी गाउँपालिकाको एकिकृत आवधिक गुरुयोजना लाई महत्वपुर्ण सुझाव सहित पारित गरेको छ । परामर्श दाता मार्फत विज्ञहरुको राय सुझाव र स्थानिय जनताको सुझाव र विगतको अनुभवको आधारमा आवधिक, मध्यकालिन र दिर्घकालिन योजनाहरु तय गरेको छ । यहाको भुगोल संस्कृति र स्रोत साधनको दिगो उपयोग हुने गरी योजना प्राथमिकिकरण गरीएको छ । सोही अनुरुपका लक्ष्य हाँसिल गर्ने रणनिति प्रक्षेपण गरिएको छ । यहाँ भौगोलिक विकटताको कारण यातयात पुर्वाधारको अभाव हाम्रो प्रमुख चुनौती रहेको छ । त्यसैगरी खानेपानी, शिक्षा, स्वास्थ्य र आर्थिक विकास तथा पुर्वाधार विकासलाई संगसगै सन्तुलीत हिसावले अगाडी वढाउनुपर्नेछ । पुर्वाधार विकासमा ठुला योजनाहरु संघ र प्रद्रेश सरकार संग समन्वय र सहकार्य गरेर लाने गरी कार्यक्रम अगाडी वढाएको छ र नेपाल सरकरले लिएको समृद्धि र दिगो विकासको लक्ष हाँसिल गर्ने गरी आर्थिक विकासमा विशेष जोड दिएको छ । आर्थिक विकास अर्न्तगत पर्यटन कृषि, पशुपालन लाई स्वरोजगार सृर्जना गर्ने गरी व्यवसाय उन्मुखमा प्रोत्साहन र अनुदान दिने व्यवस्था गरिएको छ । प्रदेश सरकार र संघिय सरकारले अगाडी सारेका गाउँपालिका स्तरीय विशेष योजनाहरुलाई अधिकतम उपयोग गर्न साझेदारी कोष र समपुरक वजेटको व्यवस्था गरेको छ । हामीले पारित गरेको एकिकृत गुरुयोजना संग मेल खाने गरी यस वर्षको वजेट निति र कार्यक्रमहरु प्रस्तुत भएको छ । जसरी हामीले यो निति, कार्यक्रम र वजेट वनाउन विज्ञ र जनताहरुको सहभागीतामा सवै राजनितिक दल, समाजका अगुवाहरु र जनप्रतिनिधि हरुको सकृयतामा वनायका थियौं । त्यसरीनै यसलाई परिणाम मुखी कार्यन्वयन गर्न पनि सोही अनुसारको जनताको सहभागीता सवै राजनितिक दल सामाजिक व्यक्तित्वहरु र जनप्रतिनिधिहरुको सकृयता विना सम्भव हुदैन । यस कारण विगतमा कार्यन्वयनमा देखिएका कमजोर पक्षहरुलाई सुधार गरी वलियो पारदर्शि संयन्त्र र विधिहरु मार्फत कार्यन्यन गर्नुपर्ने देखिन्छ । यसको लागि सवै पक्षको सहयोगको अपेक्षा गरेका छौं ।

अन्तमा सवै गाउँपालिका वासी जनसमुदाय हामीलाई प्रत्यक्ष, अप्रत्यक्ष रुपमा परामर्श दिनुहुने विज्ञहरु शुभचिन्तक हरु सवै राजनितिक दलका नेता कार्यकर्ता हरु राष्ट्रसेवक कर्मचारीहरु विभिन्न विषय समितिमा रहेर भुमिका खेल्ने पदाधिकारीहरु सवै गाउँसभाका सदस्य जनप्रतिनिधिहरु, प्रतिनिधि सभाका सदस्य, मानिय खगराज अधिकारी ज्यु, गण्डकी प्रदेशका माननिय सदस्य मन बहादुर गुरुङ्ग ज्यु लगाएत सवैमा हार्दिक आभार प्रकट गर्दछु ।

बेद बहादुर गुरुङ

अध्यक्ष

मादी गाउँपालिका, कास्की



मादी गाउँपालिकाको तेस्रो गाउँसभा (२०७५।०३।१० देखी ०३।२९) ले चालु आ.व.२०७५।०७६ को लागि वार्षिक निति वजेट योजना तथा कार्यक्रम वस्ती वडा हुँदै सभा मार्फत वास्तविक जनताको आवश्यकता र मागलाई सम्वोधन गर्ने गरी सहमति सहकार्यको माध्यम अवलम्वन गरी सर्व सम्मतले विवाद रहित तरीका वाट स्वीकृत गरेको छ । स्वीकृत निति, वजेट योजना तथा कार्यक्रम केवल एक्लो गाउँपालिका प्रयासले मात्र सम्भव नहुने हुँदा स्थानिय व्यक्तित्व समाजसेवी राजतिज्ञ वौद्धिक सर्कल, उपभोक्ता समिति, गै.स.स, निर्माण व्यवसायी, आदीको हातेमालो, सहकार्य वाट मात्र हुनेछ भने योजना तथा कार्यक्रम कार्यन्वयन समयमा सम्झौता गरी कार्य थालनी गरेमा समयमानै सम्पन्न गर्न सकिने र समयमा सम्पन्न भएमा लक्षित वर्ग समुदाय र सिंगो मादीको समृद्धिको लागि योजना छनौटमा लिएको सपना व्यवहारीक रुपमा जनस्तरमा अनुभुती हुने कुरा सुनिश्चित छ ।

अन्तमा यो वार्षिक निति, वजेट, योजना तथा कार्यक्रम स्थानिय स्तर वाट छनौटमा अग्रणी भुमिका निर्वाह गर्नुहुने आदरणिय अध्यक्ष ज्यु, लगाएत सवै ६२ जना पदाधिकारी, प्रमुख प्रशासकिय अधिकृत लगाएत सवै राष्टसेवक कर्मचारी मित्रहरु गै.स.स. निजि क्षेत्र, नागरीक समाज, राजनितिक दल र विभिन्न विषय क्षेत्रका विज्ञहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा बजेट तर्जुमामा महत्वपूर्ण राय सुझाब प्रदान गर्नुहुने प्रदेश सभा सांसद माननीय मन बहादुर गुरुङ र प्रतिनिधि सभा संसाद माननीय खगराज अधिकारी ज्यूप्रति हार्दिक धन्यवाद व्यक्त गदै वजेट कार्यन्वयनमा पनि यस्तै सहयोगको लागि सम्पुर्णसँग अपिल गर्दछु ।

विष्णुमाया आचार्य पौडेल

उपाध्यक्ष एवं न्यायिक समिति

संयोजक



मादी गाउँपालिकाको तेस्रो गाउँसभाले निति वजेट योजना तथा कार्यक्रम सहभागीतामुलक योजना तर्जुमा प्रकृया को अभ्यास अवलम्वन गरी स्वीकृति गरेको छ । संघिय सरकार, पदेश सरकार वाट प्राप्त हुने वित्तिय समानिकरण, शर्शत अनुदान गाउँपालिकाको आफ्नै आन्तरीक आयश्रोत समेत गारी विनियोजन ऐनले दिएको अधिकार भित्र रहि चालु तर्फ रु ३१२८७८८०० र पुँजिगत तर्फ रु १४७३५४८०४ गरी कुल रु ४६०२३३६०४ बजेट चालु आ.व. २०७५/०७६ मा खर्च हुने अनुमान गरिएको छ ।

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि पहिचान गरिएका योजना तथा कार्यक्रम स्थानिय उपभोक्ता समिति, निर्माण व्यवसायि, गै.स.स, लगाएत सरोकार निकायको सहकार्यमा समयमानै कार्य प्रारम्भ गरी समयमै सम्पन्न गरी वजेटले लिएका उदेश्य लक्ष्यहरुको प्राप्ती जनस्तरमा अनुभुती हुने तथा देखिने हुनु नै वास्तविक, प्रभावकारी योजनाको कार्यन्वयन हुनु मैले वुझेकोछु ।

गत वर्षको बजेट ०७४/०७५ ले भन्दा चालु वर्षको यो बजेट ०७५/०७६ ले विशेष महत्वपूर्ण रणनीति योजना तथा कार्यक्रमहरु समेटेको छ । जसमा बेरोजगारी घटाउनको लागि अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, महिला बालबालिकालाई सक्षम र सशक्तिकरण गर्न, उपाध्यक्षसँग महिला बालबालिका कार्यक्रम, योजनाबद्ध विकास गर्न पाँच वर्षे आवधिक योजना निर्माण, सामुदायिक विद्यालय शिक्षालाई प्रोत्साहित र उत्साहित गर्न सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई छात्रवृत्ति अनुदान, कृषक र पशुपालनलाई उत्प्रेरित गर्न विभिन्न क्षेत्रगत कृषि, पशु व्यवसायलाई अनुदान, छरिएको बस्ती एकीकृत गर्न बस्ती विकास र जग्गा चक्लाबन्दी योजना, संस्कृति जर्गेना गर्न साँस्कृतिक गाउँ घोषणा कार्यक्रम, सबैलाई खानेपानी पुऱ्याउन खानेपानीको सम्भाव्यता अध्ययन र डिपिआर तयारी, पर्यटन प्रवर्धन गर्न पर्यटन पदमार्गको डिपिआर र पर्यटन धर्मशाला र क्षेत्रको सौर्य उर्जा कार्यक्रम, सुशासन प्रवर्द्धन गर्न पुरस्कार, पेपर लेस, सूचना मैत्री कार्य प्रणाली अभ्यास, राजस्व बृद्धि गर्न करका दायरा बढाई कर घुम्ती शिविर र सम्पत्तिकर सफ्टवेयर प्रयोग आदि उल्लेखनीय रहेका छन् ।

गाउँपालिकालाई हाल प्राप्त भएको अख्तियारीका अतिरिक्त संघिय सरकारको समपुरक अनुदान, विशेष अनुदान र प्रदेश सरकारको सहलगानी योजना समेत थप भई अझ द्रुतगतिमा विकास अगाडी वढाउन पक्कैपनि अध्यक्ष ज्यु लगाएत सवै पदाधिकारीहरुको सकृय भुमिका हुनेछ भन्ने मलै पुर्ण अपेक्षा र विश्वास गरेको छु । अन्त्यमा गाउँपालिका वाट स्वीकृत भएका, प्रदेश र संघिय सरकार वाट स्वीकृत भएका योजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यन्वयनमा म लगाएत सिङ्गो गाउँपालिकाको सवै कर्मचारी दिनरात निश्पक्षता र इमान्दारीताका साथ लाग्ने प्रतिवद्धता समेत व्यक्त गर्दै यो वार्षिक निति, वजेट योजना तथा कार्यक्रम तर्जुमामा महत्वपुर्ण राय सुझाव, सहभागिता, समन्वय, सहकार्य गरी सौहार्द वातावरणमा सहमतिय पद्धतिबाट सवैलाई समेटेर निर्णयमा पुग्नुहुने आदरणिय अध्यक्ष ज्यु लगायत सभाका ६२ जना पदाधिकारी र आ-आफ्नो क्षेत्रबाट दिनरात खट्नुहुने सवै कर्मचारी साथीहरु, र प्रत्यक्ष अप्रत्यक्ष रुपमा बजेट तर्जुमामा राय परामर्श दिनुहुने जियोनेटका टिम प्रमुख डा. कृष्ण के.सी. ज्यू, प्रदेश सभा माननीय संसाद श्री मन बहादुर गुरुङ ज्यू, प्रतिनिधि सभाका माननीय संसाद खगराज अधिकारी ज्यूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची

| क्र.स. | विषय वस्तु विवरण | पेज नं. |
|---|---|---|
| १ | आ.व. ०७५/०७६ का बजेट नीतिहरु | १–१३ |
| २ | आम्दानी र खर्च सहित स्वीकृत बजेटका मुल शीर्षकगत विवरण | १४–१७ |
| ३ | स्वीकृत शीर्षकगत पुरै योजना तथा कार्यक्रमको खर्च विवरण (निशर्त/शर्शत) | १८–५४ |
| ४ | कन्टीजेन्सी प्लान आम्दानी खर्चको स्वीकृत विवरण | ५५–५९ |
| ५ | प्रदेश सरकार संघीय सरकार र अन्य निकायमा माग गर्ने बैकल्पिक योजना विवरण | ६०–६६ |
| ६ | सभाका महत्वपूर्ण निर्णयहरु (क्रमशः) | ६६–७१ |
| ७ | गै.स.स. ACAP र कोपिला नेपालको स्वीकृत बजेट तथा कार्यक्रम | ७२–७५ |
| ८ | प्रदेश र संघीय सरकारबाट गाउँपालिका क्षेत्रभित्र कार्यन्वयन हुने गरी स्वीकृत योजना | ७६ |
| ९ | आर्थिक ऐन २०७५/०७६ | ७७–१०१ |
| १० | योजना सञ्चालनका लागि आवश्यक योजना फर्मेट नमूना (योजना खाता) | १०२–१४० |
| ११ | आ.व. ०७४/०७५ मा सम्पन्न योजना कार्यक्रमको वार्षिक समीक्षा विवरण | १४१–१६३ |
| १२ | हाल सम्म गाउँ सभा र गाउँ कार्यापालिकाबाट स्वीकृत ऐन नियम कानुन कार्यविधिहरु | १६४ |
| १३ | गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको नाम सहित सम्पर्क नं. | १६५–१६७ |